## मिति २०७९ साल असार २० गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः**

१. ठेक्का म्याद सम्बन्धमा।

२. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले प्रकाशन गरेको नेपाल राजपत्र खण्ड ७२) काठमाण्डौ, असार २० गते, २०७९ साल (संख्या १९ को सूचना बमोजिम सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ को दफा ११ मुल नियमावलिमा नियम १२०क. थप बमोजिम देहाय अनुसारका कागजात सहित म्याद थपका लागि निवेदन पेश गर्न सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) म्याद थप गर्नु पर्ने उपयुक्त कारण,

ख) संशोधित कार्यतालिका,

ग) संशोधित कार्यसम्पादन जमानत ( Revised Work Performance Guarantee),

घ) संशोधित अग्रिम भुक्तानि जमानत (Revised Advance Payment Guarantee)।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०७९/०३/१९ गतेको बैठकको निर्णयबाट मिति २०७९/०३/२७ गते बस्ने कार्यपालिका बैठकलाई संशोधन गरी आवश्यकता अनुसार बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो।